यो नयाँ वर्षमा सफलता भवको वरदानद्वारा बाबा र स्वयंको प्रत्यक्षतालाई समीप ल्याऊ

आज नवयुगका रचयिता आफ्ना मास्टर नवयुग रचयिता बच्चाहरूसँग नव वर्ष मनाउनको लागि आउनु भएको छ। नव वर्ष मनाउने, यो त विश्वमा सबैले मनाउँछन्। तर तिमीहरू सबैले नवयुग बनाइरहेका छौ। नवयुगको खुसी हर बच्चाको भित्र छ। जान्दछौ– नवयुग अब आयो कि आयो। दुनियाँवालाको नव वर्ष एक दिनको हो र तिमीहरू सबैको नवयुग पुरै सङ्गमयुग मनाउनको लागि हो। नव वर्षमा खुसी मनाउँछन्, एक आपसमा उपहार दिन्छन्। त्यो उपहार पनि के हो! थोरै समयको लागि उपहार हो। नवयुग रचयिता बाबाले तिमीहरू सबैको लागि कुनचाहिँ उपहार ल्याउनुहुन्छ? सुनौलो उपहार, जुन सुनौलो उपहार अर्थात् सुनौलो युगमा सबै स्वतः नै सुन हुन्छ, नयाँ हुन्छ। थोरै समय पछि नयाँ वर्ष सुरू हुन्छ तर सबै नयाँ हुँदैन। तिम्रो नवयुगमा प्रकृति पनि नयाँ बन्छ। आत्माले पनि नयाँ वस्त्र धारण गर्नेछ। हर वस्तु नयाँ अर्थात् सतोप्रधान सुनौलो युग हुनेछ। तब नयाँ वर्षलाई मनाउँदै तिम्रो मनमा, बुद्धिमा नयाँ युग नै याद आइरहेको छ। नवयुग याद छ नि वा आजको दिन नयाँ वर्ष याद छ?

बापदादाले पहिला नवयुगको बधाई दिनुहुन्छ फेरि साथमा नयाँ वर्षको बधाई दिनुहुन्छ, किनकि तिमीहरू सबै नव वर्ष मनाउनको लागि आएका हौ नि! मनाऊ, खुब मनाऊ। अविनाशी उपहार जुन बापदादाद्वारा मिलेको छ, त्यसको अविनाशी बधाई मनाऊ। सदा एक अर्कालाई शुभभावनाको बधाई देऊ। यही सच्चा बधाई हो। जब बधाई दिन्छौ, त्यतिबेला स्वयं पनि खुसी हुन्छौ र अरू पनि खुसी हुन्छन्। सच्चा दिलको बधाई हो– एक अर्काप्रति दिलबाट शुभभावना, शुभकामनाको बधाई। शुभभावना यस्तो श्रेष्ठ बधाई हो जो कुनै पनि आत्माको जस्तोसुकै भावना होस्, राम्रो वा नराम्रो भाव होस्, तर तिम्रो शुभभावनाले उनको भाव पनि परिवर्तन गर्न सक्छ, स्वभाव पनि परिवर्तन गर्न सक्छ। त्यसो त स्वभाव शब्दको अर्थ नै हो– स्व (आत्मा) को भाव अर्थात् शुभभाव। हर समय हर आत्मालाई यही अविनाशी बधाई दिँदै जाऊ। कसैले तिमीलाई जेसुकै दिऊन् तर तिमीहरूले सबैलाई शुभभावना देऊ। अविनाशी आत्मा अविनाशी आत्मिक स्थितिमा स्थित हुनाले आत्मा परिवर्तन भइ नै हाल्छ। त्यसोभए यो नयाँ वर्षमा के विशेषता गर्नेछौ? स्वयंमा पनि, सर्वमा पनि र सेवामा पनि। जब नयाँ वर्ष नाम छ भने कुनै नवीनता गर्छौ नि! के नवीनता गर्नेछौ? हरेकले आफ्नो नवीनताको योजना बनाएका छौ वा अहिले मात्र नयाँ वर्ष मनाउँछौ? मिलन मनायौ, नयाँ वर्ष मनायौ, नवीनताको के योजना बनायौ?

बापदादाले हरेक बच्चालाई यस वर्षको लागि विशेष यही इसारा दिनुहुन्छ– समय अनुसार अब सबै बच्चाहरूलाई चाहे यहाँ साकारमा सम्मुख बसेका छन्, चाहे देश, विदेशमा विज्ञानको साधनद्वारा सुनिरहेका छन्, देखिरहेका छन्, बापदादाले पनि सबैलाई देखिरहनु भएको छ। सबैले बडो आरामले, मजाले देखिरहेका छन्। त्यसैले सर्व विश्वका, बापदादाका अति प्रिय, अति मीठा बच्चाहरूलाई बापदादा यही इसारा दिनुहुन्छ– "अब आफ्नो यस ब्राह्मण जीवनमा अमृतबेलादेखि रातीसम्म बचतको खाता बढाऊ, जम्माको खाता बढाऊ।" हरेकले आफ्नो कार्य अनुसार आफ्नो योजना बनाऊ, जति पनि ब्राह्मण जीवनमा खजाना मिलेका छन्, ती हरेक खजानाको बचत वा जम्माको खाता बढाऊ किनकि बापदादाले आज वर्षको अन्त्यसम्म चारैतर्फका बच्चाहरूको रिजल्ट देखनुभयो। के देखनुभयो, जानि त सकेका छौ। टीचरहरूले पनि बुझिसकेका छन्। डबल विदेशीहरू पनि बुझिसके। महारथीहरूले पनि बुझिसके। जम्माको खाता जति हुनु पर्छ त्यति... के भन्ने? तिमी स्वयंले पनि भन, किनकि बापदादालाई थाहा छ– सर्व खजाना जम्मा गर्ने समय केवल यो सङ्गम हो। यस सानो युगमा जति जम्मा गर्छौ, त्यही अनुसार सारा कल्प प्रारब्ध प्राप्त गरिरहने छौ। तिमीहरू सबैको स्लोगन छ नि– कुनचाहिँ स्लोगन छ? अहिले नभए... पछाडि के छ? "अहिले नभए कहिल्यै हुँदैन।" यो स्लोगन त दिमागमा धेरै याद छ। तर दिलमा, यादमा बिर्सिन्छ पनि याद पनि रहन्छ। सबैभन्दा ठुलो खजाना यस ब्राह्मण जीवनको श्रेष्ठताको आधार हो– "सङ्कल्पको खजाना, समयको खजाना, शक्तिहरूको खजाना, ज्ञानको खजाना, बाँकी स्थूल धनको खजाना त साधारण हो। त्यसैले बापदादाले देखनुभयो– जति तिमी हरेक ब्राह्मणले श्रेष्ठ सङ्कल्पको खजानाद्वारा स्वयंप्रति वा सेवाप्रति

श्रेष्ठ बनाउन सक्छौ, त्यसमा अब अझै अण्डरलाइन लगाउनु पर्नेछ।

तिमी ब्राह्मणहरूको एक श्रेष्ठ सङ्कल्पमा, शुभ सङ्कल्पमा यति शक्ति छ, जसले आत्माहरूलाई धेरै सहयोग दिन सक्छ। सङ्कल्प शक्तिको महत्त्व अब अरू जति चाहन्छौ, त्यति बढाउन सक्छौ। जब विज्ञानको साधन रकेटले, टाढा बसेर जहाँ चाह्यो, जब चाह्यो, जुन स्थानमा पुर्याउन चाह्यो, एक सेकेण्डमा पुर्याउन सक्छन्। तिम्रो शुभ श्रेष्ठ सङ्कल्पको अगाडि यो रकेट के हो! रिफाइन विधिले कार्यमा लगाएर हेर, तिम्रो विधिको सिद्धि धेरै श्रेष्ठ छ। तर अब अन्तर्मुखताको भट्ठीमा बस। यो नयाँ वर्षमा आफैले सर्व खजानाहरूको बचतको स्कीम बनाऊ। जम्माको खाता बढाऊ। सारा दिनमा स्वयं नै आफूसँग अन्तर्मुखताको भट्टीको लागि समय फिक्स गर। आफूले स्वयं गर्न सक्छौ, अरूले गर्न सक्दैन। बापदादाले प्रत्यक्षता वर्ष भन्दा पहिला यस वर्षलाई "सफलता भवको वर्ष" भन्नुहुन्छ। सफताको आधार हो हर खजानालाई सफल गर्नु। सफल गर, सफलता प्राप्त गर। सफलताले प्रत्यक्षतालाई स्वतः नै प्रत्यक्ष गर्नेछ। वाचाको सेवा धेरै राम्रो गर्यौ तर अब सफलताको वरदानद्वारा बाबाको, स्वयंको प्रत्यक्षतालाई समीप ल्याऊ। आत्माहरूलाई हरेक ब्राह्मणको जीवनमा सर्व खजानाहरूको सम्पन्नताको अनुभव होस्। आजकालका आत्माहरूले तिम्रो अनुभवीमूर्तद्वारा अनुभूति गर्न चाहन्छन्। सुन्न कम चाहन्छन्, अनुभूति धेरै चाहन्छन्। "अनुभूतिको आधार हो– खजानाहरूको जम्मा खाता।" अब सारा दिनमा बीच बीचमा यो आफ्नो चार्ट चेक गर, सर्व खजाना कति जम्मा गर्यौ? जम्माको खाता निकाल, पोतामेल निकाल। एक मिनेटमा कति सङ्कल्प चल्छन्? सङ्कल्पको फास्ट गति छ नि। कति सफल भयो, कति व्यर्थ भयो? कति समर्थ रह्यो, कति साधारण रह्यो? चेक गर्ने मेसिन तिमीसँग छ वा छैन? सबैसँग चेकिङ्ग मेसिन छ? टीचरहरूसँग छ? तिम्रो सेन्टरमा जसरी कम्प्युटर छ, इमेल छ, त्यसैगरी यो चेकिङ मेसिन छ? डबल विदेशीहरूसँग छ? चल्छ वा बन्द भएको छ? पाण्डवहरूसँग चेकिङ्ग मेसिन छ? सबैसँग छ, कसैसँग छैन भने निवेदन देऊ। जसरी कहीँ अफिस खोल्दा पहिला नै सोच्छौ– आफिस बनाउनुभन्दा पहिला, आजकालको जमानमा कम्प्युटर चाहिन्छ, इमेल चाहिन्छ, टाइप राइटर चाहिन्छ, फोटोकपी गर्ने मेसिन चाहिन्छ। चाहिन्छ नि? त्यसैगरी ब्राह्मण जीवनमा, तिम्रो दिलको अफिसमा यी सबै मेसिन छन् वा छैनन्?

बापदादाले पहिला पनि सुनाउनुभयो– बापदादाको पासमा प्रकृति पनि आउँछ भन्नको लागि, म एवररेडी छु, समयले पनि ब्राह्मणहरूलाई बारम्बार देखिरहन्छ– ब्राह्मण तयार छन्? बारम्बार ब्राह्मणहरूको चक्कर लगाउँछ। त्यसैले बापदादा सोध्नुहुन्छ, हात त धेरै राम्रोसँग उठाउँछौ, बापदादा पनि खुसी हुनुहुन्छ। अब यस्तो एवररेडी बन, हर सङ्कल्प, हर सेकेण्ड, हर श्वास जुन बित्छ, त्यो वाह, वाह होस्। ह्वाई नहोस्, वाह, वाह होस्। अहिले कुनै समय वाह वाह हुन्छ, कुनै समय वाहको सट्टा ह्वाई हुन जान्छ। कुनै समयमा बिन्दी लगाउँछन्, कुनै समयमा प्रश्न चिह्न र आश्चर्यको मात्रा लाग्न पुग्छ। तिमीहरू सबैको मनले पनि भनोस् वाह! र जसको पनि सम्बन्ध-सम्पर्कमा आउँछौ, चाहे ब्राह्मणहरूको, चाहे सेवा गर्नेको वाह! वाह! शब्द निस्कियोस्। अच्छा।

आज ग्रेट-ग्रेट-ग्रेण्ड फादर ब्रह्माबाबाको एक शुभ आशा रह्यो, ब्रह्माबाबाले भन्नुभयो, मेरा ग्रेट ग्रेट ग्रेण्ड पुत्रहरूलाई विशेष एक कुरा भन्नु छ, त्यो के? सदा हर बच्चाको चेहरामा, सदा एक त रुहानियतको मुस्कुराहट होस्, सुन्यौ! राम्रोसँग कान खोलेर सुन्नु। र, अर्को– मुखमा सदा मधुरता होस्। एक शब्द पनि मधुरता बिना नहोस्। चेहरामा रुहानियत होस्, मुखमा मधुरता होस् र मन-बुद्धिमा सदा शुभभावना, रहमदिलको भावना, दातापनको भावना होस्। हर कदममा फलो फादर होस्। यो गर्न सक्छौ? टीचरहरूले यो गर्न सक्छौ? युथले गर्न सक्छौ? (ज्ञान सरोवरमा देश विदेशको युथ रिट्रिट चलिरहेको छ) बापदादाको पासमा युथ ग्रुपको रिजल्ट धेरै राम्रो आएको छ। पदमगुणा बधाई छ। रिजल्ट राम्रो छ। अनुभव पनि राम्रो गरेका छन्, बापदादा खुसी हुनुभयो। बापदादाले अनुभव पनि सुन्नुभयो। सुनिसुनाइएको होइन, डाइरेक्ट बापदादाले तिम्रो अनुभव सुन्नुभयो, तर अब यी अनुभवहरूलाई अमर भवको वरदानले अविनाशी राख्नु। जेसुकै होस् तर आफ्नो रुहानी अनुभवहरूलाई सदा अगाडि बढाउँदै जानु। नघटाउनु। तीन महिना पछि मधुवनमा आए पनि आऊ, नआए पनि नआऊ। तीन महिना पछि विदेशबाट त आउने छैनौ तर आफ्नो एकाउण्ट राख्नु र बापदादाको पासमा पठाउनु, बापदादाले मिलाउनु हुनेछ। वा जे होला त्यो प्रतिशत दिनेछु। ठीक छ? छ भने एक हातको ताली बजाऊ। अच्छा।

आज बधाईको दिन हो। अरू खुसीको खबर बापदादाले सुन्नुभयो, देख्नुभयो पनि। साना साना बच्चाहरू ताजधारी बनेर बसेका छन्। तिमीहरूलाई त ताज मिल्नेछ, यिनीहरूलाई अहिले मिलेको छ। खडा होऊ। हेर, ताजधारी ग्रुप

हेर। बच्चा सदा दिलको सच्चा। सच्चा दिलवाला हौ नि! राम्रो छ बच्चाहरूको रिजल्ट पनि बापदादाले राम्रो देख्नुभयो। बधाई छ। अच्छा।

डबल विदेशीहरू:– यिनीहरूको पत्र र चिटकीहरू पनि देखें। उमङ्गका चिटकीहरू छन्। तर एक कुरा बापदादाले देख्नुभयो, जुन चिटकीहरूमा कुनै कुनैमा छन्। कसैले त धेरै राम्रो उमङ्ग-उत्साहले परिवर्तन पनि लेखेका छन्, उमङ्ग पनि लेखेका छन् तर कसै कसैले, थोरैले आफ्नो लापरबाही देखाएका छन्। लापरबाह कहिल्यै पनि नबन्नु। अलर्ट रहनु। पहिलो कुरा बापदादालाई लापरबाही राम्रो लाग्दैन र दोस्रो, नैराश्यता राम्रो लाग्दैन। जेसुकै होस् दिल विशाल राख। निराश आत्माको दिल सानो हुन्छ। खुशी विशाल दिल हुन्छ। त्यसैले निराश नबन्नु, लापरबाही नगर्नु। उमङ्ग-उत्साहमा सदा उडिरहनु। बापदादालाई डबल विदेशीहरूमा अरब-खरब जति आशा छ। डबल विदेशीहरूले यस्तो प्रभाव पार्नेछन्, जसलाई देखेर भारतका आत्माहरू चकित हुनेछन्। आउने छ, त्यो दिन पनि आउने छ, चाँडै आउने छ। आउने छ हैन? त्यो दिन आउनेवाला छ नि? आउनेछ त्यो दिन? (चाँडो-चाँडो आउनेछ) हुन्छ हजुर त भन। बापदादाले पहिला नै बधाईको थालीहरू भरेर दिइरहनु भएको छ। यति हिम्मत बापदादाले डबल विदेशीहरूमा देखिरहनु भएको छ, यस्ता हौ नि? विदेशमा धेरै आशा छ। राम्रो छ। युथ पनि राम्रा छन्, प्रवृत्तिवाला पनि धेरै छन्, कुमारीहरू पनि धेरै छन्, कमाल नै कमाल छ। ठीक छ? यो सिन्धी परिवारले भन, के कमाल गर्नेछौ? निमित्त मात्र सिन्धी हौ तर हौ ब्राह्मण। के गर्नेछौ, भन? (बाबाको नाम प्रख्यात गर्नेछौं) कहिले गर्नेछौ? (यो वर्षमा) तिम्रो मुखमा गुलाबजामुन। हिम्मतवाला छन्। (हजुरको वरदान साथमा छ) वरदाता नै साथमा हुनुहुन्छ भने वरदान के ठूलो कुरा हो। अच्छा।

जो पनि यस कल्पमा पहिलो पटक आएका छन्, ती उठ। जो पहिलो पटक आएका छन्, ती बच्चाहरूलाई बापदादा भन्नुहुन्छ– आएका छौ पछाडि तर जानु अगाडि छ, यति अगाडि बढ, सबै तिमीलाई देखेर खुसी होउन् र सबैको मुखबाट यही शब्द निस्कियोस्– कमाल छ, कमाल छ, कमाल छ। यस्तो हिम्मत छ? पहिलो पटक आउनेहरूमा हिम्मत छ नि! नयाँ वर्ष मनाउन आएका छौ, त्यसोभए नयाँ वर्षमा कुनै कमाल गर्नेछौ नि! फेरि पनि बापदादालाई सबै बच्चा अति प्रिय छन्। धेरै अक्लको काम गरेका छन्, टू लेटभन्दा पहिला आइपुगेका छौ। अहिले त फेरि पनि यो हलमा बस्ने सीट त मिलेको छ नि! रहने पलङ्ग वा भुइँ त मिल्यो हैन! तर जब टू लेटको बोर्ड लाग्छ, क्यूमा खडा गर्नु पर्नेछ, त्यसैले फेरि पनि राम्रो समयमा बापदादालाई चिन्न सक्यौ, यो अक्लको काम गर्यौ। अच्छा।

विश्वका चारैतर्फका सर्व सफलतामूर्त बच्चाहरूलाई, सर्व सफल गर्ने तीव्र पुरुषार्थी बच्चाहरूलाई, सदा आफ्नो एकाउण्टलाई चेक गर्ने चेकर र भविष्य मेकर– यस्ता श्रेष्ठ आत्माहरूलाई, सदा आफ्नो हर कदममा बाबालाई प्रत्यक्ष गर्ने ग्रेट-ग्रेट ग्रेण्ड फादरका सर्व ग्रान्ड पुत्रहरूलाई बाबा र दादाको धेरै-धेरै-धेरै-धेरै यादप्यार, बधाई एवं नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

बापदादाले देश विदेशका सबै बच्चाहरूलाई नयाँ वर्षको बधाई दिनुभयो।

चारैतर्फका सफलताका सिताराहरूलाई पुरानो वर्षको विदाई र नयाँ वर्षको बधाईको सङ्गम समयको, सङ्गम समयमा विदाई पनि छ, बधाई पनि छ। त्यसैले सदा सफल छौ र सफल रहनेछौ। कहिल्यै पनि असफलताको नाम निसान रहने छैन। बापदादाका अति सिकीलधे, अति प्यारा, अति मीठा, नयनका नूर हौ। सबै नम्बरवन बन्नु नै छ, यो दृढ सङ्कल्पले हर कदम बाबा समान उठाइरहनु, पदमगुणा, अरब-खरबगुणा बधाई छ, बधाई छ, बधाई छ। बापदादाको धेरै-धेरै अमूल्य डाइमण्डहरूलाई डाइमण्ड मर्निङ्ग, डाइमण्ड मर्निङ्ग, डाइमण्ड मर्निङ्ग। ओम् शान्ति।

वरदान:– सेवाको उमङ्ग-उत्साहद्वारा सुरक्षाको अनुभव गर्ने मायाजित भव

जुन बच्चा स्थूल कामको साथसाथै रुहानी सेवाको लागि दौडन्छन्, एवररेडी रहन्छन् यो सेवाको उमङ्ग-उत्साह पनि सुरक्षाको साधन बन्न जान्छ। जो सेवामा लागिरहन्छन् ती मायाबाट बचिरहन्छन्। मायाले पनि देख्छ– यिनीहरूलाई फुर्सत छैन त्यसैले ऊ पनि फर्केर जान्छ। जुन बच्चाहरूको बाबा र सेवासँग प्यार छ उनीहरूलाई एक्स्ट्रा हिम्मतको मदत मिल्छ, जसबाट सहजै मायाजित बन्नेछन्।

स्लोगनः– ज्ञान र योगलाई आफ्नो जीवनको नेचर बनाएमा पुरानो नेचर परिवर्तन हुन्छ।

सूचनाः – आज अन्तराष्ट्रिय योग दिवस हो, सबै ब्रह्मावत्स सङ्गठित रूपमा साँझ ६:३० देखि ७:३० बजेसम्म विशेष सन्तुष्टमणि बनेर वायुमण्डलमा सन्तुष्टताको किरणहरू फैलाउनु हुनेछ। असन्तुष्ट आत्माहरूलाई सन्तुष्ट रहने शक्ति दिनेछौं, मनसा सेवा गर्नेछौं।